पाठ ४५

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**आराधना** (२० मिनेट)	**[मनोवृत्तिको अभिव्यक्ति]** **परमेश्वरको महिमाको लागि जिउनु**

यो पाठमा हामी परमेश्वरको महिमाको लागि जिउँदे हाम्रो आराधना अभिव्यक्त गर्नेबारेमा सिक्दछौँ।

१. इसाई जीवनशैली

भजन १५:१-५ पढ्नुहोस्।
छलफल गर्नुहोस् - इसाई जीवनशैलीलाई के कुराले चित्रण गर्छ?

टिप्पणी -
उसको व्यवहार - इसाईले दोषरहित भएर हिँड्छ अथवा व्यवहार गर्छ। उसले जे सही छ, त्यही मात्र गर्छ।
उसको बोलिवचन - उसले आफ्नो हृदयबाट सत्य बोल्छ। उसको इमान्दारिताको बारेमा कुनै प्रश्न खडा हुँदैन।
छिमेकीसँग उसको सम्बन्ध - उसले आफ्नो छिमेकीको कुनै खराबी गर्दैन। उसले कसैको कुरा काट्दैन अथवा निन्दा गर्दैन।
खराब व्यक्तिहरूसँग उसको सम्बन्ध - उसले खराब व्यक्तिलाई इन्कार गर्छ, जसको मतलब उसले तिनीहरूले गर्ने गलत कार्यलाई तिरस्कार गर्छ र उसले तिनीहरूले गर्ने गलत कार्यको प्रशंसा अथवा आदर गर्दैन। तर उसले तिनीहरूलाई घृणाचाहिँ गर्नैहुँदैन (लूका ६:२७-२८)।
विश्वासीहरूसँग उसको सम्बन्ध - उसले परमेश्वरको भय मान्ने व्यक्तिलाई आदर गर्छ र त्यसैकारण उसले खराब कुराहरू गर्दैन।
उसको प्रतिज्ञाहरू - ऊ आफ्नो प्रतिज्ञाहरूप्रति विश्वासयोग्य रहन्छ। हतारमा गरिएको प्रतिज्ञा संसोधन गर्नुपर्ने भएमा, सो काम उसले तुरुन्तै गर्छ (हितोपदेश ६:१-५)।
खाँचोमा परेकाहरूसँग उसको सम्बन्ध - उसले गरिबलाई ब्याज नलिइकन सहयोग गर्छ।
उसको न्याय - उसले घुस दिने र घुस लिने काम गर्दैन (यशैया १६:१९)।

कस्तो जीवनशैलीप्रति तपाईं आफ्नो जीवन समर्पण गर्नुहुन्छ? परमेश्वरको महिमाको लागि जिउन तपाईं अहिले कस्तो जीवनशैली अभ्यास गर्दैहुनुहुन्छ?

२. परमेश्वरको प्रतिज्ञा

भजनसङ्ग्रह १५ जस्तो जीवनशैली अपनाउने इसाईहरू परमेश्वरको उपस्थितिमा वास गर्नेछन् (भजन १५:१)।
जीवनमा तिनीहरू कुनै व्यक्ति अथवा परिस्थितिद्वारा कहिले पनि हल्लिनेछैनन् (भजना १५:५)।

३. इसाई अगुवाको जीवनशैली

१ तिमोथी ४:१२-१६ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - इसाई अगुवालाई के कुराले चित्रण गर्नुपर्छ?
टिप्पणी -

उसको उमेरले उसलाई अगुवा (एल्डर) हुन अयोग्य बनाउँदैन!
ऊ अरू इसाईहरूका निम्ति उदाहरण हो (१ पत्रुस ५:२-३ सँग तुलना गर्नुहोस्)।
बाइबल अध्ययन गर्न र बाइबल सिकाउनको लागि उसले आफ्नो समय, शक्ति र सीपहरू समर्पित गर्छ
उसले परमेश्वरले दिनुभएको आत्मिक वरदानहरूलाई प्रयोगमा ल्याउँछ।

उसले वृद्धि हुने प्रक्रियालाई कहिल्यै रोक्दैन।
आफूले जिउने जीवन र आफूले सिकाउने सिद्धान्तलाई उसले निरन्तर नियालिरहन्छ।

आराधना गर्नुहोस् - परमेश्वरलाई महिमा ल्याउने जीवनशैली माग गर्ने उहाँको विशेषताको निम्ति पालैपालो परमेश्वरको आराधना गर्नुहोस्। एक अथवा दुई वाक्यहरूमा परमेश्वरको आराधना गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट) [शान्त समय] अय्यूब १,२,१२,१४ अध्यायहरू

तोकिएको बाइबल खण्ड (अय्यूब १,२,१२,१४ अध्यायहरू) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)। अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट) [पवित्र आत्मा] पवित्र आत्माको बप्तिस्मा र भरपूरी

निर्देशिका २, पाठ २१ मा हामीले पवित्र आत्माको स्वभाव, मानिसहरूमा उहाँको काम र मण्डलीमा उहाँको काम भन्ने शीर्षकमा सिकायौँ
निर्देशिका ४, पाठ ४५ मा हामी पवित्र आत्माको केही विशेष कामहरू; जस्तै: पवित्र आत्माको बप्तिस्मा, पवित्र आत्माको भरपूरी र पवित्र आत्माको फलजस्ता कुराहरू सिकाउनेछौँ।
निर्देशिका ७, पाठ ३५ मा हामी पवित्र आत्माको आत्मिक वरदानहरूको बारेमा सिकाउनेछौँ।

क. पवित्र आत्माको बप्तिस्मा

१. 'पवित्र आत्माको बप्तिस्मा' भन्ने व्याक्यांश

(१) बाइबलमा यो वाक्यांश
'पवित्र आत्माको बप्तिस्मा' भन्ने वाक्यांश नयाँ करारमा सातपटक मात्र देखा पर्दछ (मत्ती ३:१०-१२; मर्कूस १:८; लूका ३:१६; यूहन्ना १:३३; प्रेरित १:५; प्रेरित ११:१४-१८ र १ कोरिन्थी १२:१२-१३)। यसले सातैपटक पुनर्जन्मलाई अभिव्यक्त गर्दछ, जसको मतलब कुनै व्यक्तिको इसाई जीवनको सुरुवात हो! मत्ती ३:१०-१२ मा उल्लेखित पवित्र आत्माको बप्तिस्मा स्पष्टरूपमा विश्वासीहरू परमेश्वरको राज्यभित्र जम्मा हुने कुरासँग मिल्दछ भने आगोको बप्तिस्माचाहिँ अविश्वासीहरूको अन्तिम न्यायसँग मिल्दछ।

(२) भविष्यवाणी र त्यसको परिपूर्ति
पवित्र आत्माको बप्तिस्मा पहिले नै पुरानो करारमा भविष्यवाणी भइसकेको थियो (इजकिएल ३६:२५-२७; योयल २:२८-३२)।

पवित्र आत्माको बप्तिस्माको परिपूर्ति
- ख्रीष्टको प्रथम चेलाहरूको लागि प्रेरित २:१-४ मा वर्णन गरिएको छ।
- प्रथम यहूदी विश्वासीहरूको लागि प्रेरित २:३७-४१ मा वर्णन गरिएको छ (प्रेरित १:८क)।
- प्रथम सामरी विश्वासीहरूका लागि प्रेरित ८:१२-१७ मा वर्णन गरिएको छ (प्रेरित १:८ख)।
- र प्रथम अन्यजाति विश्वासीहरूका लागि प्रेरित १०:३४-४८ मा वर्णन गरिएको छ (प्रेरित १:८ग; ११:१४-१८; १५:७-११)।

यहूदीहरू, अर्ध-यहूदीहरू (सामरीहरू) र अयहूदीहरू (अन्यजातिहरू) -का माझमा मण्डलीको जग बसालिसकेपछि, जसले सुसमाचार सुन्छ र येशू ख्रीष्टमा विश्वास गर्छ, तिनीहरू हरेकले ...

- "पवित्र आत्मा प्राप्त गर्दछ" (प्रेरित २:३८-३९), जसको मतलब ...
- "पवित्र आत्माको बप्तिस्मा लिन्छ" (१ कोरिन्थी १२:१२-१३), अथवा ...
- "पवित्र आत्माको छाप लगाएको हुन्छ" (एफिसी १:१३-१४), अथवा ...
- "पवित्र आत्माद्वारा पुनर्जन्म र नवीकरण भएको हुन्छ" (तीतस ३:५-७)!

यी खण्डहरू पवित्र आत्माको प्राप्त गरिएको फरक-फरक अभिव्यक्तिहरू हुन्।

२. पवित्र आत्माको बप्तिस्मा पाउनुको अर्थ

पेन्तिकोसको दिनमा पवित्र आत्मा खन्याइएको घटनालाई वर्णन गर्न बाइबलले फरक-फरक अभिव्यक्तिहरू प्रयोग गर्दछ।

- विश्वास गर्न थालेका मानिसहरूमाथि पवित्र आत्मा खन्याइएको थियो (प्रेरित २:१७,३३; १०:४५; तीतस ३:६)।
- विश्वास गर्न थालेका मानिसहरूमाथि पवित्र आत्मा ओर्लिआउनुभयो (प्रेरित १०:४४; ११:१५)।
- विश्वास गर्न थालेका मानिसहरूलाई पवित्र आत्मा दिइएको थियो (प्रेरित ११:१७; १५:८)।
- विश्वास गर्न थालेका मानिसहरूले पवित्र आत्मा प्राप्त गरे (प्रेरित १०:४७)।
- यसलाई 'पवित्र आत्माको बप्तिस्मा' भनिएको थियो (प्रेरित ११:१६)।
- यसलाई 'पवित्र आत्माको छाप लगाउनु' पनि भनिएक थियो (एफिसी १:१३; २ कोरिन्थी १:२१-२२)।
- येशूले यसलाई 'माथिबाट जन्मिनु' अथवा 'नयाँ गरी जन्मिनु' भन्नुहुन्छ (यूहन्ना ३:३-८)।

यी फरक-फरक अभिव्यक्तिहरूले वास्तवमा उही कुरालाई बुझाउँछ।

(१) पवित्र आत्माको बप्तिस्मा लिनु भनेको पवित्र आत्मालाई ग्रहण गर्नु हो,
र यसद्वारा मानिसले नयाँ जन्म पाउँछ र ऊ बचाइन्छ।

पहिलोपल्ट अन्यजातिहरूले सुसमाचार सुनेर येशू ख्रीष्टमा विश्वास गर्दा (करिब इ.सं. ४०), सुरुमा यहूदीहरूको माझमा प्रथम चेलाहरूमाथि पवित्र आत्मा ओर्लनुभएझैँ (करिब इ.सं. ३०) गरी ती अन्यजातीहरूमाथि पनि पवित्र आत्मा ओर्नुभयो। परमेश्वरले उनीहरूलाई पवित्र आत्माको वरदान दिनुभयो र उक्त घटनालाई पवित्र आत्माको बप्तिस्मा भनिन्छ (प्रेरित ११:१५-२७)।

पहिलो यहूदीहरूको पेन्तिकोस इ.सं. ३० मा थियो। पहिलो अर्ध-यहूदीहरूको (सामरीहरूको) पन्तिकोस इ.सं. ३३-३४ तिर थियो। पहिलो अयहूदीहरूको पेन्तिकोस इ.सं. ४० तिर थियो। यसको परिणाम यो थियो, कि येशू ख्रीष्टमा विश्वास गरेका यहूदीहरूझे येशू ख्रीष्टमा विश्वास गरेका अयहूदीहरू (अन्यजातिहरू) पनि बचाइए (प्रेरित २:१८,२१; ११:१४; १५:११: रोमी १०:१२-१३; एफिसी १:१३ सँग तुलना गर्नुहोस्)। उनीहरूलाई पवित्र आत्माको बप्तिस्मा दिँदा परमेश्वरले उनीहरूको पश्चातापलाई मञ्जूर गर्नुभयो (प्रेरित ११:२८) र उनीहरूको हृदय शुद्ध पार्नुभयो (प्रेरित १५:९) यी कुराहरू पुनर्जन्म र मुक्तिलाई बुझाउने अभिव्यक्तिहरू हुन्।

त्यस समयभन्दा धेरैअघि येशूले मानिसहरूलाई सिकाउनुभयो, कि उहाँमा विश्वास गर्नेले पवित्र आत्माद्वारा नयाँ जन्म पाउँछ (यूहन्ना १:१२-१३; ३:३-८), उसँग अनन्त जीवन हुन्छ (यूहन्ना ३:१६) र उसले परमेश्वरको राज्यमा प्रवेश पाउँछ (यूहन्ना ३:३-८)। त्यसैगरी, त्यसको धेरै समयपछि पावलले सिकाए, कि परमेश्वरमा भरोसा गर्ने मानिसहरूलाई पवित्र आत्माले पुनर्जन्म र नवीकरणले धोएर बचाउनुहुन्छ। उनीहरू परमेश्वरको अनुग्रहद्वारा धर्मी ठहराइएका छन् र अनन्त जीवनको उत्तराधिकारीहरू भएका छन् (तीतस ३:३-८)।

(२) पवित्र आत्माको बप्तस्मा भनेको पवित्र आत्मालाई ग्रहण गर्नु हो,
जसद्वारा मानिस ख्रीष्ट र उहाँको मण्डलीको (शरीरको) हिस्सा बन्न सक्छ।

बप्तिस्मा दिने यूहन्नाले भने, कि येशू ख्रीष्टले मानिसहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ र यसप्रकार उहाँले आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ (मत्ती ३:११-१२)। पेन्तिकोसको घटनाको २६ वर्षपछि कोरिन्थ सहरमा बस्ने यहूदी तथा अन्यजाति विश्वासीहरूलाई पावलले लेखे, कि कुनै छानिएको समूहले मात्र पवित्र आत्माद्वारा बप्तिस्मा पाएको होइन, तर "एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा अर्थात् ख्रीष्टको शरीरमा बप्तिस्मा पाएका छौँ।" यसमा संसारको सबै

प्रेरितहरू र सबै विश्वासीहरू समावेश छन्, चाहे उनीहरू यहूदी हुन् अथवा अन्यजाति हुन् (१ कोरिन्थी १२:१२-१३)। यसरी जब मानिसहरूले येशू ख्रीष्टमाथि विश्वास गर्न थाल्छन्, उनीहरूले एउटै पवित्र आत्माद्वारा ख्रीष्टको एउटै शरीरमा बप्तिस्मा पाएका हुन्छन् (एफिसी १:२२-२३)। उनीहरू ख्रीष्टको आत्मिक शरीरका सदस्यहरू बन्दछन्, अर्थात् एउटै विश्वव्यापी इसाई मण्डलीका सदस्यहरू बन्दछन्। त्यसबेलादेखि विश्वासी एक व्यक्ति मात्र रहँदैन तर नयाँ समुदायको सदस्य बन्दछ।

(३) पवित्र आत्माको बप्तिस्मा भनेको पवित्र आत्मालाई ग्रहण गर्नु हो,
जसद्वारा पवित्र आत्मा विश्वासीको जीवनमा जिउन र काम गर्न आउनुहुन्छ।

पवित्र आत्माको बप्तिस्माद्वारा पवित्र आत्मा विश्वासीको शरीरमा वास गर्न आउनुहुन्छ (यूहन्ना ७:३७-३९; १ कोरिन्थी ६:१९-२०) र ख्रीष्टको शरीरको रूपमा मण्डलीमा वास गर्न आउनुहुन्छ (यूहन्ना १४:१६-१७; एफिसी २:१९-२२)। उनीहरूभित्र रहनुहुने पवित्र आत्मा" उनीहरूभित्र रहनुहुने ख्रीष्टभन्दा कम हुनुहुन्न। जोजसले पवित्र आत्मा पाएका छन्, तिनीहरू इसाई हुन्। तर पवित्र आत्मा नपाएका मानिसहरूचाहिँ इसाई होइनन् (रोमी ८:९-१०; १ कोरिन्थी १२:३)। पवित्र आत्माले ख्रीष्टले पूरा गर्नुभएको मुक्तिको कामलाई विश्वासीहरूको जीवनमा लागु गर्नुहुन्छ। समय बित्दैजाँदा यो कुरा स्पष्ट हुन्छ, कि पवित्र आत्माले इसाईहरूलाई विभिन्न आत्मिक वरदानहरू दिनुहुन्छ, जसद्वारा उनीहरूले अरू इसाईहरूको सेवा गर्न सक्छन् (१ पत्रूस ४:१०-११), त्यसैगरी मण्डली अथवा ख्रीष्टको शरीर निर्माण गर्न सक्छन् (१ कोरिन्थी १२:७; १४:१२), इसाईहरूलाई सेवाका विभिन्न कामहरू गर्न तालिम दिन सक्छन् (एफिसी ४:११-१३) र परमेश्वरलाई महिमा दिन सक्छन् (१ पत्रुस ४:११)!

सारंश - जब मानिसहरूले पहिलोपटक येशू ख्रीष्टमा विश्वास गर्छन्, तब पवित्र आत्माको बप्तिस्मा पाउँदछन् र यसको परिणामस्वरूप उनीहरूको पुनर्जन्म हुन्छ, मुक्ति पाएर ख्रीष्टमा र इसाई मण्डलीमा उनीहरूको सहभागिता हुन्छ, परमेश्वरको आत्माद्वारा उनीहरूमा परमेश्वरको वास हुन्छ, उनीहरूको शुद्धिकरण हुन्छ अनि सेवाको लागि आत्मिक वरदानहरूले सुसज्जित हुने काम सुरु हुन्छ।

३. पवित्र आत्माको बप्तिस्मामा हुने घटनाहरूको श्रृंखला

(१) येशूका प्रथमा १२० चेलाहरूले किन विश्वास गरेको लामो समयपछि मात्र पवित्र आत्माको बप्तिस्मा पाए?

प्रेरित २:१-४,३३; यूहन्ना ७:३७-३९; (यूहन्ना १२:२३-२४; १६:७; लूका २४:३९; प्रेरित १:५) पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशूका प्रथम १२० जना चेलाहरूले किन विश्वास गरेको लामो समयपछि मात्र पवित्र आत्माको बप्तिस्मा पाए?

टिप्पणी - प्रेरित २:१-४ ले अद्वितीय ऐतिहासिक घटनाको वर्णन गर्छ र यसले विश्वव्यापीरूपमा लागु हुने इसाई शिक्षा दिँदैन।

येशूका प्रथम १२० जना चेलाहरू (प्रेरित १:१५) पेन्तिकोसको दिनमा पवित्र आत्माको बप्तिस्मा पाउँदा विश्वासीहरू भइसकेका थिए। उनीहरूले विश्वास गरेको बेलामा पवित्र आत्माको बप्तिस्मा पाएनन् किनभने उनीहरूले येशू पृथ्वीमा उनीहरूसँगै रहनुहुँदा नै उहाँमा विश्वास गरेका थिए। उनीहरूले पवित्र आत्माको भरपूरी पाउनको लागि येशू (स्वर्गमा) महिमित होउञ्जेलसम्म पर्खनुपर्थ्यो! पवित्र आत्मा, जो ख्रीष्टको आत्मा हुनुहुन्छ, उहाँको बप्तिस्मा पाउनका निम्ति उनीहरूले येशू ख्रीष्ट क्रूसमा मारिनुहुने, मृत्यबाट बौरिनुहुने, स्वर्गमा चढिजानुहुने र स्वर्गको सिंहासनमा विराजमान हुनुहुने घटनाहरूलाई पर्खनुपर्थ्यो।

यूहन्ना ७:३७-३९ र १६:७ मा येशूले भविष्यमा हुने पेन्तिकोसको बारेमा भन्नुभएको थियो। पेन्तिकोसको पहिलो दिनमा भएको पवित्र आत्माको बहावलाई पवित्र आत्माको बप्तिस्मा भनिन्छ (प्रेरित १:५; ११:१४-१८)! यसर्थ, पवित्र आत्माको बहाव र येशू ख्रीष्टका प्रथम १२० जना चेलाहरूद्वारा पवित्र आत्माको ग्रहण गरिएको घटना येशू ख्रीष्टको मृत्य, बौरी उठाइ, स्वर्गारोहण र सिंहासनमा विराजमान हुनुभएपछि भएको थियो। त्यो घटना परमेश्वरको मुक्तिको इतिहासको अद्वीतीय

ऐतिहासिक अवस्था हो! प्रेरित २:१-४ ले मानिसहरूले अहिले पवित्र आत्माको बप्तिस्मा कहिले पाउँछन् भन्ने बारेमा सिकाउँदैन।

येशू ख्रीष्ट महिमित भइसक्नुभएको कारण अहिले येशू ख्रीष्टमा विश्वास गरेका मानिसहरूले तुरुन्तै पवित्र आत्माको बप्तिस्मा पाउँछन् र उनीहरूले त्यसको निम्ति येशूका प्रथम चलाहरूले झैँ लामो समयम्म प्रतिक्षा गरिरहनुपर्दैन। पेन्तिकोसपछि विश्वासीहरूले छिट्टै नै पवित्र आत्माको बप्तिस्मा पाउँछन्, अर्थात् उनीहरूले छिट्टै नै आफूमा पवित्र आत्माको वासलाई ग्रहण गर्छन्। रोमी ८:९१० ले स्पष्टसँग यो कुरा सिकाउँछ, कि जोसँग पवित्र आत्मा (परमेश्वरको आत्मा, ख्रीष्टको आत्मा) हुनुहुन्न, ऊ येशू ख्रीष्टको हुँदैहोइन, अर्थात् ऊ इसाई नै होइन! यसकारण, पवित्र आत्मालाई ग्रहण गर्ने कुराबाट (यूहन्ना १:१३; एफिसी १:१३-१४) येशू ख्रीष्टमा विश्वास गर्ने अथवा येशू ख्रीष्टलाई ग्रहण गर्ने कुरा (यूहन्ना १:१२) अलग गर्नु असम्भव छ! इसाईहरूले एक ईश्वरमा विश्वास गर्छन्: पिता, पुत्र र पवित्र आत्मा। एउटा ईश्वरलाई भाग-भाग गरी टुक्र्याएर गरिँदैन!

(२) किन सामरीहरूले विश्वास गरेको केही समयपछि मात्र पवित्र आत्माको बप्तिस्मा पाए?

प्रेरित १८:१२-१७; मत्ती १६:१८-१९; (मत्ती १८:१८; एफिसी २:१९-२०) पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - किन प्रथमा सामरीहरूले विश्वास गरेको केही समयपछि मात्र पवित्र आत्माको बप्तिस्मा पाए?

टिप्पणी - प्रेरित ८:१२-१७ ले अद्वीतीय ऐतिहासिक घटनाको वर्णन गर्छ र यसले विश्वव्यापीरूपला लागु हुने कुनै शिक्षा दिँदैन।

सामरीहरू न त पक्का यहूदीहरू थिए न पक्का अन्यजातिहरू। तिनीहरू त मिश्रित जाति थिए र तिनीहरू यहूदीहरूका सत्रु भनाउँदाहरू थिए। पुरानो करारको समयमा तिनीहरू परमेश्वरका जनहरूका अंश थिएनन्। यहूदीहरू र सामरीहरूबीचको परम्परागत सत्रुताले गर्दा सामरीहरू बचाइन सक्छन् अनि तिनीहरू परमेश्वरका जनहरूका अंश बन्न सक्छन् भनी विश्वास गर्न गाह्रो पर्छ। यहूदीहरू र अन्यजातिहरूका बीचमा पनि त्यस्तै सत्रुता थियो (प्रेरित १० र ११ अध्यायहरू)। फिलिप सुसमाचार प्रचार गर्न मानिस थिए, तर तिनी येशू ख्रीष्टका बाह्र जना प्रेरितहरूमध्येका थिएनन्। तिनको सेवकाइद्वारा सामरीहरूले सुसमाचार सुने र येशू ख्रीष्टमा विश्वासीहरू बने। ती प्रथम सामरी इसाईहरूले येशू ख्रीष्टका प्रेरितहरूले आफ्ना लागि परमेश्वरको राज्यको ढोका नखोलेसम्म पवित्र आत्माको बप्तिस्माको लागि पर्खनुपर्‍यो!

परमेश्वरको राज्यको ढोका खोल्ने र मानिसहरूलाई परमेश्वरको राज्यमा प्रवेश गराउने अधिकार स्वयम् येशूख ख्रीष्टले नै आफ्ना बाह्र जना चेलाहरूलाई दिनुभएको थियो। येशू ख्रीष्टले साधारण विश्वासीहरूद्वारा होइन, तर उहाँका आफ्नै प्रेरितहरूका जगमा उहाँको मण्डली निर्माण गर्नुभयो (मत्ती १६:१८; १८:१८; एफिसी २:२०; यूहन्ना २०:२१-२३; प्रकाश २१:१४)।

परमेश्वरले मात्र मानिसहरूलाई उहाँको राज्यमा ल्याउनुहुन्छ (कलस्सी १:१३-१४)। येशू ख्रीष्टका बाह्र जना प्रेरितहरू (विशेषगरी पत्रुस) प्रथम यहूदी विश्वासीहरूलाई मात्र होइन (प्रेरित २:३७-४१), तर प्रथम सामरी विश्वासीहरूलाई (प्रेरित ८:१२-१७) र प्रथम अन्यजातिहरूलाई पनि परमेश्वरको राज्यमा प्रवेश गराउन परमेश्वरको औजारहरू बने। यसकारण येशूका बाह्र जना प्रेरितहरू र ऐतिहासिक इसाई मण्डलीको जग बसाल्ने उनीहरूको अधिकारपूर्ण कार्य पनि परमेश्वरको मुक्तिको इतिहासको एक अद्वितीय भाग हो र त्यो अद्वितीय ऐतिहासिक अवस्था हो! प्रेरित ८:१२-१८ ले पनि मानिसहरूले अहिले पवित्र आत्माको बप्तिस्मा कहिले पाउँछन् भन्ने बारेमा सिकाउँदैन।

(३) अहिलेका विश्वासीहरूले विश्वास गर्नेबित्तिकै पवित्र आत्माको बप्तिस्मा पाउँछन्।

एफिसी १:१३-१४ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - मानिसहरूले पवित्र आत्माको बप्तिस्मा पाउने समयको बारेमा बाइबलले के सिकाउँछ?

टिप्पणी - प्रेरितको पुस्तकले यहूदीहरूका बीचमा (प्रेरित २), सामरीहरूका बीचमा (प्ररित ८) र अन्यजातिहरूका बीचमा (प्ररित १०) इसाई मण्डलीको ऐतिहासिक सुरुवातको वर्णन गरिसकेपछि (प्रेरित १:८ सँग तुलना गर्नुहोस्), कुनै व्यक्तिले

सुसमाचार सुनेर त्यसलाई विश्वास गरेपछि पवित्र आत्माको बप्तिस्मा पाउँछ भन्ने सिद्धान्त बाइबलले सिकाउँछ। जसले येशूख ख्रीष्टमा साँचोरूपले विश्वास गर्छ, उसले कुनै अगुवा अथवा अरू कुनै व्यक्तिको मध्यस्थताबिना नै तुरुन्तै पवित्र आत्माको बप्तिस्मा पाउँछ (प्रेरित २:३८-३९)!

४. पवित्र आत्माको साथमा हुने चिन्हरू

(१) पवित्र आत्माको बप्तिस्माको साथमा आउने चिन्हहरूका बारेमा बाइबलले के बताउँछ।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - पवित्र आत्माको बप्तिस्माको साथमा आउने चिन्हहरूका बारेमा बाइबलले के बताउँछ?

यस विषयमा बाइबलले बतास, आगो र जानिएका भाषाहरूमा बोल्ने अद्वितीय चिन्हरूका बारेमा बताउँछ।
प्रेरित २:१-११; १०:४६ पढ्नुहोस्।

टिप्पणी - बाइबलले परमेश्वरको मुक्तिको इतिहासको भागको रूपमा यो बताउँछ, कि जब येशूका प्रथम चेलाहरूले पवित्र आत्माको बप्तिस्मा पाए, उनीहरूले स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज सुने र त्यसले पूरै घर भरियो। उनीहूले आगोका जिब्राहरूजस्ता देखे, र त्यो भाग-भाग भएर प्रत्येक चेलामाथि बस्यो। अनि उनीहरू पवित्र आत्माले भरिए, र परमेश्वरका आश्चर्यकर्महरू वर्णन गर्दै संसारका विभिन्न भाषाहरूमा बोल्न थाले।

बतास र आगोका चिन्हहरू निश्चय नै पेन्तिकोसको पहिलो दिनका लागि अद्वितीय थिए, त्यस्तो घटना फेरि कहिल्यै भएन। संसारको अन्य भाषाहरूमा बोल्ने कुरा अहिले अझै हुनसक्छ, तर बाइबलले यो हुनेछ अथवा हुनैपर्छ भनी सिकाउँदैन! संसारका अन्य भाषाहरूमा (मानवीय भाषाहरूमा) बोल्नु निश्चितरूपमा कोरिन्थको मण्डलीमा भएको अन्यभाषामा (स्वर्गदूतहरूको भाषामा) बोल्ने कुराभन्दा फरक थियो (१ कोरिन्थी १३:१)।

बाइबलले क्रियाशील इसाई समुदाय अस्तित्वमा आउने साझा चिन्हको बारेमा बताउँछ।
प्रेरित २:३७-४७ पढ्नुहोस्।

टिप्पणी - बाइबलले परमेश्वरको मुक्तिको इतिहासको भागको रूपमा यो कुरा बताउँछ, कि यहुदीहरूमध्ये प्रथम विश्वासीहरूले पेन्तिकोसकै दिनमा पवित्र आत्माको बप्तिस्मा पाएर उनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न अनि प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। छोटकरीमा भन्नुपर्दा, उनीहरू क्रियाशील मण्डलीमा परिणत भएका थिए! ती ३००० यहूदीहरूले पनि अन्यभाषाहरू बोले भनी पूर्वानुमान लगाउनु उचित हुँदैन किनभने बाइबलले यसको बारेमा केही पनि बताउँदैन र निश्चय नै लूकाले यति महत्वपूर्ण घटनाको बारेमा लेख्न छुटाउनु नपर्ने हो। पवित्र आत्माको बप्तिस्माको साधारण र साझा चिन्ह भनेको क्रियाशील मण्डली अस्तित्वमा आउनु हो (प्रेरित २:४७; ४:४: ५:१४: ६:७; ८:१२: ११:२१: १३:४८: १४:२१-२३ सँग तुलना गर्नुहोस्)!

(२) पवित्र आत्माको बप्तिस्माको साथमा आउने चिन्हहरूको बारेमा बाइबलले के सिकाउँछ?
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - पवित्र आत्माको बप्तिस्माको साथमा आउनुपर्ने चिन्हहरूका बारेमा बाइबलले के सिकाउँछ?

टिप्पणी - यस विषयमा बाइबलले सिकाउँछ, कि हरेक इसाईको मुक्तिको व्यक्तिगत इतिहासमा पवित्र आत्माको बप्तिस्मापछि उसको जीवनमा पवित्र आत्माको प्रकटिकरण हुने तीन वटा स्पष्ट चिन्हहरू हुनुपर्छ:

- ऊ ख्रीष्टको शरीर अर्थात् क्रियाशील मण्डलीमा रहनुपर्दछ (१ कोरिन्थी १२:१२-१७)।
- उसले पापमय स्वभावका कार्यहरूलाई मार्नुपर्छ र त्यसको सट्टामा पवित्र आत्माको फल फलाउनुपर्छ, विशेषगरी प्रेम! (गलाती ५:२२-२३)।
- उसले पवित्र आत्माले दिनुभएको आत्मिक वरदानहरूलाई प्रयोग गरेर ख्रीष्टको सेवा गर्नपर्छ! इसाईको जीवनमा यस्ता आत्मिक वरदानहरू प्रकट हुने समयको बारेमा बाइबलका सैद्धान्तिक भागहरूमा स्पष्ट पारिएको छैन। यो कुरा आत्मिक परिपक्वतातर्फ इसाईको वृद्धि र इसाई मण्डलीमा उसको सेवकाइप्रतिको समर्पणतामा निर्भर हुन्छ (१ कोरिन्थी १२:३-७,११,३०-३१; १३:१)।

ख. पवित्र आत्माले भरिनु

यदि पवित्र आत्मा मानिसले निश्चित नापसम्म प्राप्त गर्न सक्ने शक्ति मात्र हुनुभएको भए पवित्र आत्माको सम्बन्धमा इसाईहरूको प्रबल धारणा यस्तो हुन्थ्यो, "मैले अझ बढी पवित्र आत्मा (अर्थात् अझ बढी शक्ति) कसरी पाउन सक्छु?" तर पवित्र आत्मा तपाईंलाई अधिकार गर्न सक्ने र प्रभाव पार्न सक्ने व्यक्ति हुनुभएकोले पवित्र आत्माप्रति इसाईहरूको प्रबल धारणा यस्तो हुनुपर्छ, "पवित्र आत्माले ममा अझ बढी अधिकार कसरी गर्न सक्नुहुन्छ?" "पवित्र आत्माले कसरी मेरो जीवनलाई अझ बढी प्रभावित गर्न सक्नुहुन्छ?" मानिसले कहिल्यै पनि परमेश्वरलाई (येशू ख्रीष्ट अथवा पवित्र आत्मालाई) अधिकार गर्न सक्दैन, तर यदि मैले स्वीकार गरेँ भने परमेश्वरले (येशू ख्रीष्ट अथवा पवित्र आत्माले) मलाई अधिकार गर्न चाहनुहुन्छ, अधिकार गर्न सक्नुहुन्छ, र अधिकार गर्नुहुनेछ!

परमेश्वरसँगको मेरो सम्बन्ध कहिल्यै पनि शक्ति अथवा आश्चर्यपूर्ण चिन्हहरूसँग सम्बन्धित छैन, तर यो त मेरो जीवनमा येशू ख्रीष्टको प्रभुत्व र ममा वास गर्नुहुने पवित्र आत्माद्वारा येशू ख्रीष्टको प्रभुत्वप्रति मेरो पूर्ण समर्पणताको विषय हो! मेरो मुख्य प्रश्न यो हुनुपर्छ, "येशू ख्रीष्टले ममा वास गर्नुहुने उहाँको पवित्र आत्माद्वारा कसरी मेरो जीवनलाई अझ बढी प्रभावित र निश्चित गर्न सक्नुहुन्छ?" पवित्र आत्माले भरिनुको अर्थ भनेको परमेश्वरले (येशू ख्रीष्टले, पवित्र आत्माले) मलाई अधिकार गर्नुहुन्छ, मलाई नियन्त्रित गर्नुहुन्छ र मलाई उहाँमा पूर्णरूपमा समर्पण गर्न लगाउनुहुन्छ भन्ने हो! पवित्र आत्माले भरिएको इसाई साँचोरूपमा परमेश्वरप्रति समर्पित व्यक्ति हो! उसले फल फलाउँच र आफूलाई पूर्णरूपमा परमेश्वरप्रति समर्पित गर्छ! साँचोरूपमा समर्पित व्यक्ति नै पवित्र आत्माले भरिएको व्यक्ति हो!

१. पवित्र आत्माको भरपूरीको प्रतिज्ञा

उहाँमा विश्वास गर्ने सबैलाई येशूले प्रतिज्ञा गर्नुभयो, कि पवित्र आत्मा उनीहरूबाट बगेर निस्कने जिउँदो पानीको नदीझैँ हुनेछ (यूहन्ना ७:३७-३९)। विशेषगरी आफ्ना चेलाहरूलाई (प्रेरितहरूलाई) उहाँले प्रतिज्ञा गर्नुभयो, कि उनीहरूले यहूदीहरू, सामरीहरू र पृथ्वीको अन्तसम्मका अन्यजातिहरूका माझमा उहाँको साक्षी हुने शक्ति पाउनेछन् (प्रेरित १:८)! पवित्र आत्माले पृथ्वीमा जिउन र सेवा गर्नको लागि स्वर्गको शक्ति दिनुहुन्छ!

२. पवित्र आत्माको भरपूरीबारेको प्रतिज्ञाको परिपूर्ति

मानिसहरू पवित्र आत्माले भरिँदा विभिन्न परिणामहरू देखिए भनी बाइबलले बताउँछ।
बाइबलमा परमेश्वरको मुक्तिको इतिहासको समयमा मानिसहरू पवित्र आत्माले भरिँदा के-के भयो भन्ने ऐतिहासिक वर्णन समावेश भएको कुरामा ध्यान दिनुहोस्। ती ऐतिहासिक वर्णनहरू आजको मण्डलीमा लागु हुनुपर्छ भन्ने बारेका आज्ञाहरू अथवा शिक्षाहरू होइनन्।

बाइबलले मानिसहरू पवित्र आत्माले भरिँदा देखिएका विभिन्न परिणामहरूका बारेमा यसरी बताउँछ:

- लूका १:४१-४३ - एलिशिबाले मरियमको कोखमा भएको बालक मसिह हुनुहुन्छ भन्ने विशेष ज्ञान पाइन्।
- लूका १:६७-७९ - जकरियाले बप्तिस्मा दिने यूहन्ना र येशूको भविष्यको बारेमा अगमवाणी गरे।
- लूका ४:१२ - येशूले दुष्टको परीक्षामाथि विजय प्राप्त गर्नुभयो।
- येशूका प्रथम १२० जना चेलाहरूले पवित्र आत्माको बप्तिस्मा पाउँदा, उनीहरू पवित्र आत्माले भरिए र उनीहरूले परमेश्वरका आश्चर्यपूर्ण कार्यहरूको बारेमा अन्यभाषाहरूमा अगमवाणी घोषणा गरे।
- प्रेरित ४:८ - पत्रुसले तुरुन्तै बोल्ने प्रेरणा प्राप्त गरे (मर्कूस ३:११)। - प्रेरित ४:३१ - चेलाहरूले परमेश्वरको सन्देश बताउने आँट, साहास र शब्दहरू प्राप्त गरे।
- प्रेरित ६:३,८-१० - प्रथम डिकनहरू पवित्र आत्माका फलले भरिएका थिए र उनीहरूले रोक्नै नसकिने बुद्धिका साथ परमेश्वरको वचन बोले। अनि स्तिफनससँग आश्चर्यकर्महरू गर्ने आत्मिक वरदानहरू थिए।
- प्रेरित ७:५५ - स्तिफनसले परमेश्वरको महिमा अनि ख्रीष्टको पुनरुत्थानको दर्शन देखे।
- प्रेरित ९:१७-२२ - पावल प्रचार गर्नमा अझ शक्तिशाली भए र बाइबलबाट येशू नै प्रतिज्ञा गरिएका मसिह (ख्रीष्ट) हुनुहुन्छ भनी प्रमाणित गरेर उनका विरोधीहरूलाई उनले अकमक्क पारिदिए।
- प्रेरित ११:२४ - बारनाबासले ठूलो सङ्ख्याका मानिसहरूलाई प्रभुमा ल्याए।
- प्रेरित १३:९-११ - पावलले जादूगत र झूटा अगमवक्ताका विरुद्ध परमेश्वरको न्यायको वचन बोल्ने अधिकार पाए।

- प्रेरित १३:४९-५२ - नयाँ इसाईहरू सतावटको बीचमा पनि आनन्दित हुन सकेका थिए।

३. पवित्र आत्माको भरपूरीको बारेमा शिक्षा

एफिसी ५:१५-२१ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - मानिसहरू पवित्र आत्माले भरिएपछ हुने परिणामहरूको बारेमा बाइबलले के सिकाउँछ?

टिप्पणी - पवित्र आत्माले भरिएपछि इसाईहरूमा हुने परिणामहरू बाइबलले स्पष्टसँग सिकाउवछ:
यस खण्डलको बारेमा ध्यान दिनुपर्ने तीन वटा महत्वपूर्ण तथ्यहरू यी हुन्: मुख्य क्रियापद, सहायक क्रियापद र संयोजक।

(१) मुख्य क्रियापद आज्ञा हो र यो निरन्तर लागु गर्न उपयुक्त छ।

मुख्य क्रियापद १८ पदमा छ, "पवित्र आत्माले भरिपूर्ण होओ।"

- मुख्य क्रियापद आज्ञात्मक ढाँचामा छ र यसले दिइएको कार्य आज्ञा हो भनी जनाउँछ। बाइबलले इसाईलाई पवित्र आत्माले भरिपूर्ण हुने आज्ञा दिइएको छ भनी सिकाउँछ। पवित्र आत्माले भरिपूर्ण हुन विकल्प होइन गर जिम्मेवारी हो। इसाईले यसलाई पालन गर्नैपर्छ!
- मुख्य क्रियापद वर्तमान निरन्तर समयमा छ र यसले यो कार्य निरन्तर अथवा बारम्बार गर्न उपयुक्त छ भनी जनाउँछ। बाइबलले इसाईलाई निरन्तर अथवा बारम्बार पवित्र आत्माले भरिपूर्ण हुने आज्ञा दिइएको छ भनी सिकाउँछ।
- मुख्य क्रियापद निष्क्रिय ढाँचामा छ र यसले यो कार्य परमेश्वरमा निर्भर छ, इसाईमा होइन भन्ने कुरा जनाउँछ। पवित्र आत्माको भरिपूर्णता परमेश्वरले मात्र गर्न सक्नुहुन्छ। कुनै मानिसले, चाहे अगुवा होस् अथवा विशिष्ट वरदान पाएको व्यक्तिले यसलाई प्रभावित पार्न सक्दैन। सार्वभौम परमेश्वरले ने यो गर्नुपर्छ र उहाँले यो काम गर्छु भनी प्रतिज्ञा दिनुभएको छ।

यसरी बाइबलले सिकाउँछ, कि पवित्र आत्माले भरिएको जीवनलाई नै स्वभाविक इसाई जीवन ठानिन्छ।

(२) सहायक क्रियापदहरू क्रिया विशेषणहरू हुन् र ती मुख्य क्रियापदमा निर्भर हुन्छन्।

१९-२१ पदमा भएका अरू पाँच वटा क्रियापदहरू वर्तमान क्रियामूलक शब्दहरू हुन्, जो मुख्य क्रियामा निर्भर छन् र मुख्य क्रियापदसँगै काम गर्छन् अनि निरन्तर अथवा बारम्बार अनुकूल हुने आज्ञाहरूको बल पनि हुन्छ। यी 'बोल्नु', 'गाउनु', 'धुन निकाल्नु', 'धन्यवाद चढाउनु' र 'अधीनमा बस्नु' हुन्। बाइबलले सिकाउँछ, कि पवित्र आत्माले भरिएको इसाईलाई निम्न कुराहरूले चित्रण गर्दछ:

- पवित्र आत्माले भरिएको इसाईले अरू इसाईहरूसँगै मिलेर परमेश्वरलाई महिमा दिन्छ: ऊ पियक्कडपन, होहल्ला र नैतिक विकृतिजस्ता असभ्य जमघटमा सहभागी हुँदैन (एफिसी ५:३-१३; १ पत्रुस ४:३-४)। यसको सट्टामा ऊ अरू इसाईहरूसँग बोल्न, गाउन, धुन निकाल्न (शाब्दिक अर्थमा साङ्गेतिक वाद्यवादनहरूसँग गाउँदै आनन्द गर्न) को लागि भेट्ने गर्छ। यस्ता इसाई भेटघाटको उद्देश्य परमेश्वरलाई महिमा दिनु र एक-अर्कालाई निर्माण गर्न हो। यो पवित्र आत्माको फल, आनन्दको उदाहरण हो (गलाती ५:२२)।
- पवित्र आत्माले भरिएको इसाईको जिब्रो नियन्त्रणमा हुन्छ (याकूब ३:१-१२; भजन १४१:३)। उसँग मानसिहरू अथवा परिस्थितिहरूका सन्दर्भमा नकारात्मक, आलोचनात्मक र दोष निकाल्ने स्वभाव हुँदैन। उसलाई गनगन गर्ने र वादविवाद गर्न स्वभावले चित्रण गर्दैन (फिलिप्पी २:१४) अथवा असन्तोषी र कृतज्ञ नहुने स्वभावले पनि उसलाई चित्रण गर्दैन।। त्यसको सट्टामा ऊ सन्तुष्ट रहन्छ (फिलिप्पी ४:११; १ तिमोथी ६:६) र आफ्नो हरेक परिस्तितमा परमेश्वरलाई धन्यवाद दिन्छ (१ थेसलोनिके ५:१८)। पवित्र आत्माको फल, आत्मसंयमको एक उदाहरण हो (गलाती ५:२३; १ कोरिन्थी ७:९: ९:२४-२७)।
- पवित्र आत्माले भरिएको इसाई विनम्र र अधीनमा बस्ने हुन्छ। ऊ घमण्डी हुँदैन र व्यक्तिवादी अथवा आफैमा केन्द्रित हुँदैन। ऊ सहयोग नगर्ने, विभाजन ल्याउने, र स्वार्थी हुँदैन। त्यसको सट्टामा ऊ विनम्र, र अधीनमा बस्ने हुन्छ। इसाई व्यक्ति सबैभन्दा सानो हुने इच्छा गर्छ र अरू कसैले सेवा गर्न नसकेको वा नचाहेको क्षेत्रमा सेवा गर्न चाहन्छ (यूहन्ना

१३:१-१७)। उसले अरूको पनि हित खोज्छ (फिलिप्पी २:४)। उलसे आफूलाई भन्दा बढी अरूलाई आदर गर्छ (रोमी १२:१०)। ऊ सहयोगी, शिष्ट, भद्र, विनम्र र विवेकी हुन्छ। यो पवित्र आत्माको फल नम्रताको उदाहरण हो (गलाती ५:२३)।

यसरी बाइबलले सिकाउँछ, कि पवित्र आत्माले भरिएको जीवनले आकर्षक इसाई जीवनलाई निम्त्याउँछ।

(३) १७ र १८ पदबीचको संयोजकले १५ देख १७ पदलाई पवित्र आत्माले भरिएको जीवनसँग बाँध्छ।

नयाँ करारको ग्रीक भाषाको संस्करणमा १७ र १८ पदको बीचमा 'र' संयोजनक रहेको छ। यसकारण पवित्र आत्माले भरिएको इसाईलाई १५ देखि १७ पदसम्म लेखिएका कुराहरूले पनि चित्रण गर्दछ:

- पवित्र आत्माले भरिएको इसाई आफू कसरी जिउँछु (व्यवहार गर्छु) भन्ने कुरामा सतर्क रहन्छ। ऊ आफ्नो इच्छामा जिउन अर्थात् परमेश्वरमा भर नपरी जिउने कुरालाई अस्वीकार गर्छ (न्यायकर्ता २१:२५)। त्यसको सट्टामा आफ्नो जीवनको हरेक पक्षमा उसले देखाउँछ, कि उसले पुरानो सांसारिक जीवनशैलीलाई त्यागेको छ, र नयाँ पवित्र र धार्मिकताको जीवनशैली अपनाएर त्यसमा बढ्दैछ।
- आत्माले भरिएको इसाईसँग व्यवहारिक बुद्धिले भरिएको जीवनशैली हुन्छ। उसले उच्च लक्ष्यहरू प्राप्त गर्नको लागि सर्वोत्तम उपायहरू प्रयोग गर्छ। उसले परमेश्वरलाई महिमा ल्याउने गरिकाले बाइबलको ज्ञानलाई आफ्नो दैनिक जीवनमा लागू गर्छ (एफिसी ५:१५)।
- आत्माले भरिएको इसाईले परमेश्वरले उसलाई दिनुहुने समय र मौकाको असलरूफमा प्रयोग गर्छ (एफिसी ५:१६)।
- आत्माले भरिएको इसाईले बाइबलमा प्रकट गरिएअनुसार परमेश्वरको इच्छालाई निरन्तर र सक्रियरूपमा जान्न र पालन गर्न प्रयासरत रहन्छ (एफिसी ५:१७)। उसले निरन्तररूपमा परमेश्वरलाई के मनपर्छ, सो कुरा खोजिरहन्छ (एफिसी ५:१०)।

४. पवित्र आत्माले भरिने बारेको अभ्यास

सिकाउनुहोस् - पहिलोपटक पवित्र आत्मा पाउनको लागि मानिसले सुसमाचार सुनेर येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ (एफिसी १:१३)।

प्रश्न - तर इसाईहरूले पवित्र आत्माको भरिपूरी अनुभव गरेनन् अर्थात् उनीहरूले येशू ख्रीष्टको प्रभुत्वमा समर्पित जीवन अनुभव गरेनन् भने उनीहरूले के गर्नुपर्छ?

(१) आत्माले भरिएको जीवनलाई पुनर्स्थापित गर्नुहोस्।

१ यूहन्ना १:९; एफिसी ४:२५-३२; ५:८-११; याकूब ४:५-१० पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - आत्माले भरिएको जीवन पुनर्स्थापित गर्न तपाईंले के गर्नुपर्छ?
पवित्र आत्मालाई तपाईंलाई पुन: नियन्त्रण गर्न र प्रभाव पार्न दिन तपाईंले के गर्नुपर्छ?

टिप्पणी - पापले आफ्नो सबै स्वरूपमा पवित्र आत्मालाई दु:खी तुल्याउँछ र तपाईं र परमेश्वरबीचको सम्बन्धमा दूरी ल्याउँछ (यशैया ५९:१-२)। ताथपि, तपाईंले पाप गर्नुहुँदा, पवित्र आत्माले तपाईंलाई छोड्नुहुन्न किनभने तपाईंले पूर्ण धार्मिकताको अवस्था धारण गरिसक्नुभएको छ र येशू ख्रीष्टले प्रतिज्ञा गर्नुभएको छ, कि पवित्र आत्मा तपाईंसँग र तपाईंमा सदासर्वदा रहिरहनुहुनेछ (यूहन्ना १४:१६-१७)।

जेजस्तो भए तापनि तपाईं र परमेश्वरबीच बिग्रिएको सम्बन्ध पुनर्स्थापित गर्न र तपाईंमा पवित्र आत्माको काम निरन्तर अनुभव गर्न तपाईंले यी कुराहरू गर्नुपर्छ:

- तपाईंले थाहा पाउनुभएको सबै पापहरू स्वीकार गर्नुहोस् र परमेश्वरको क्षमालाई ग्रहण गर्नुहोस् र विश्वास गर्नुहोस् (१ यूहन्ना १:९)।
- तपाईंको जीवनको सबै पापपूर्ण व्यवहारहरू (हितोपदेश २८:१३) र गलत सम्बन्धहरूदेखि टाढा रहनुहोस् (१ कोरिन्थी १५:३३)। पापको हरेक स्वरूपलाई त्याग्नुहोस् (एफिसी ५:३-१४)।

- तपाईंले हानि पुऱ्याउनुभएको व्यक्तिसँग क्षमा माग्नुहोस् (मत्ती ५:२३-२४; याकूब ५:१६)। सम्भव भएसम्म पुनर्स्थापनाको काम गर्नुहोस्, गलत कुराहरूलाई ठिक पार्नुहोस् र सबै मानिसहरूसँग शान्ति कायम राख्नुहोस् (रोमी १२:१७)। यस पक्षलाई दैनिक परिवर्तन हुनु भनिन्छ। यो प्रेमको अभिव्यक्ति पनि हो (लूका ६:२७-२८)।
- आफैलाई परमेश्वरमा समर्पित गर्नुहोस्, परमेश्वरको वचनपालन गर्नुहोस् र आफ्नो दैनिक जीवनमा यसलाईइ लागू गर्नुहोस् (याकूब ४:५-१०)। यो साँचो प्रेमको अभिव्यक्ति पनि हो (यूहन्ना १४:२१,२३)।

(२) आत्माले भरिएको जीवन माग्नुहोस्।

फिलिप्पी ४:६-७; मत्ती ७:७-११; लूका ११:९-१३ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - तपाईंले येशू ख्रीष्टसँग तपाईंको निम्ति गरिदिनको निम्ति माग्नुहुन्छ?
टिप्पणी - हरेक इसाईले परमेश्वरसँग पवित्र आत्माले भरिएको जीवनको सत्यता र पवित्र आत्माले भरिएको जीवनको विशेष पक्षहरूका लागि बिन्ती गर्न सक्नुहुन्छ।

- आत्माको नियन्त्रण माग्नुहोस्। येशू ख्रीष्टले उहाँको पवित्र आत्माद्वारा तपाईंको सम्पूर्ण जीवनमा उहाँको प्रभुत्व अथवा नियन्त्रण फेरि अभ्यास गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्।
- आत्माको फल माग्नुहोस्। येशू ख्रीष्टले उहाँको पवित्र आत्माद्वारा तपाईंको सोचाइ, धारणा, आचरण, र स्वभाव परिवर्तन गरेर तपाईंको जीवनमा नयाँ अथवा ताजा आन्तरिक काम गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् (गलाती ५:२२-२३)।
- आत्माको वरदानहरू माग्नुहोस्। येशू ख्रीष्टले उहाँको पवित्र आत्माका आत्मिक वरदानहरूद्वारा तपाईंलाई विशेष सेवाको लागि सुसज्जित पार्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् (एफिसी ४:७,११-१२)। तथापि आत्मिक वरदानहरू दिने कुरा सधैँ परमेश्वरको सार्वभौम अधिकारमा रहन्छ (१ कोरिन्थी १२:११)!

(३) आत्माले भरिएको जीवनलाई कायम राख्नुहोस्

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - तपाईंले आत्माले भरिएको जीवनलाई कसरी कायम राख्न सक्नुहुन्छ?
टिप्पणी - आत्माले भरिएको जीवनलाई निरन्तर चेलापनद्वारा कायम राखिन्छ।
पवित्र आत्मा चेलापनको हरेक पक्षामा अपरिहार्य हुनुहुन्छ:

- तपाईंको जीवनको केन्द्रमा आत्मा र ख्रीष्ट (यूहन्ना १६:१४)।आत्माले ख्रीष्टलाई प्रकट गरी उहाँको महिमा गर्छ। उहाँले सधैँ तपाईंको जीवनमा र मण्डलीको जीवनमा येशू ख्रीष्टलाई केन्द्रमा राख्नुहुन्छ।
- पवित्र आत्मा र वचन (एफिसी ६:१७)। पवित्र आत्माले चलाउनुहुने तरवार परमेश्वरको वचन हो। उहाँले तपाईंलाई बाइबलका शब्दहरू स्मरण गराउनुहुन्छ, त्यसलाई व्याख्या गर्नुहुन्छ, र तपाईंको जीवनमा लागू गर्नुहुन्छ।
- आत्मा र प्रार्थना (रोमी ८:२६-२७; एफिसी ६:१८)। आत्माले सहीरूपमा प्रार्थना गर्न सहायता गर्नुहुन्छ।
- आत्मा र सङ्गति (रोमी ५:५)। आत्माले सङ्गतिको लागि आवश्यक शान्ति र प्रेम दिनुहुन्छ।
- आत्मा र फल फलाउनु (लूका १२:११-१२; १ कोरिन्थी १२:११)। आत्माले गवाही दिनको लागि शब्दहरू अनि सेवा गर्नको लागि आत्मिक वरदानहरू दिनुहुन्छ।
- आत्मा र आज्ञाकारिता (प्रेरित १:८; ५:३२; १ पत्रुस १:२)। परमेश्वरले बताउनुभएको काम गर्न आत्माले शक्ति दिनुहुन्छ।

सारंश - पवित्र आत्माको भरपूरीले सामान्य इसाई जीवनलाई निरन्तर अथवा बारम्बार पवित्र आत्माको नियन्त्रणमा राखिएको जीवन अर्थात् निरन्तर अथवा बारम्बार येशू ख्रीष्टको प्रभुत्वमा समर्पित अथवा अधिनमा रहेका जीवनको रूपमा वर्णन गर्छ।
कुनै समयमा यसले पवित्र आत्माले आफ्ना फलद्वारा मानिसको सोचाइ, धारणा, आचरण अथवा स्वभाव परिवर्तन गरेर त्यसको नवीकरणलाई वर्णन गर्छ।

र कुनै समयमा यसले परमेश्वरले दिनुभएको काम गर्नका लागि पवित्र आत्माले उचित आत्मिक वरदान दिएर सेवाको लागि सुसज्जित पार्ने कुरालाई वर्णन गर्छ।

ग. पवित्र आत्माको फल

रोमी ८:९-१६; गलाती ५:१३-२५ पढ्नुहोस्।
पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - तपाईंमा पापमय स्वभावको उपस्थिति अथवा पवित्र आत्माको उपस्थिति कसरी प्रकट हुन्छ?

१. पापमय स्वभावको प्रकटिकरण

आन्तरिकरूपमा वास गर्न पापमय स्वभावले आफूलाई व्यभिचार र अरू बढी नराम्रा आचरणजस्ता शारीरिक पापहरूमा, मूर्तिपूजा र तन्त्र-मन्त्रजस्ता आत्मिक पापहरूमा अनि स्वार्थी अभिप्राय र झैझगडाजस्ता सामाजिक पापहरूमा प्रकट गर्दछ।

२. पवित्र आत्माको प्रकटिकरण

आन्तरिकरूपमा वास गरेको पवित्र आत्माले आफूलाई आत्माको फलमा प्रकट गराउनुहुन्छ। पवित्र आत्माले आफूलाई प्रेम, आनन्द, र शान्तिजस्ता आधारभूत आत्मिक गुणहरूमा, धैर्यता, दया र भलाइजस्ता सामाजिक सम्बन्धहरूमा प्रकट हुने मान्यताहरूमा, अनि परमेश्वरप्रतिको इमान्दारीता, अरू मानिसहरूप्रतिको नम्रता र तपाईंभित्रको आत्मसंयममा प्रकट गराउनुहुन्छ।

तपाईं इसाई हुनुभएपछि, तपाईं येशू ख्रीष्टको हुनुहुन्छ र येशू ख्रीष्टको आत्मा तपाईंको शरीरमा वास गर्नुहुन्छ। त्यसपछि तपाईं पापमय स्वभावको नियन्त्रणमा होइइन तर पवित्र आत्माको नियन्त्रणमा जिउनुहुन्छ। पवित्र आत्मा पापमय स्वभावको विरुद्धमा हुनुहुन्छ र उहाँले तपाईंलाई त्यसलाई नास गर्न सहायता गर्नुहुनेछ।

पवित्र आत्माले तपाईंमा प्रेम, आनन्द, शान्ति, धैर्यता, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम उन्पन्न गर्न थाल्नुहुनेछ। परमेश्वरले तपाईं जुन मार्गमा गएको चाहनुहुन्छ, त्यो मार्गमा पवित्र आत्माले तपाईंलाई डोऱ्याउनुहुनेछ। यसरी तपाईंको जीवनमा पवित्र आत्मा प्रमुख शक्ति बन्नुहुन्छ र तपाईंले अझ बढी आफूलाई उहाँमा समर्पित गर्नुहुनेछ र उहाँसँग सहकार्य गर्नुहुनेछ।

अर्को पाठमा भएको आत्माको फलको बारेको बाइबल अध्ययन हेर्नुहोस् (नर्देशिका ४, पाठ ४६)।

५	**प्रार्थना** (८ मिनेट)	**[प्रतिक्रियाहरू]** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**	

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्ध हुनुहोस्। 'पवित्र आत्माको बप्तिस्मा र भरपूरी' भन्ने शिक्षालाई अर्को व्यक्ति अथवा समूहका मानिसहरूलाई प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा उनीहरूसँग बसेर अध्ययन गर्नुहोस्। परमेश्वरको इच्छा खोज्ने सम्बन्धमा सात वटा साधारण निर्देशनहरू कण्ठ गर्नुहोस्। तपाईंले अहिले सामना गरिरहनुभएको महत्वपूर्ण निर्णय गर्नको लागि माथि उल्लेखित सिद्धान्तहरूका आधारमा प्रश्नहरूको प्रयोग गर्नुहोस्।

२. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन आधा अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (अय्यूब ३८,३९,४०,४१ र ४२ अध्याय)। प्रश्नहरू सोध्ने तरिकालाई प्रयोग गर्नुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

३. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। गलाती ५:१३-२६ - विषय : संसारमा आत्माको फल। बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

४. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

५. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।